# विज्ञापन बोर्डको अध्यक्ष नियुक्ति सिफारिस सम्बन्धी कार्यविधि, २०८२

समितिबाट स्वीकृत मितिः२०८२।०१।०३

विज्ञापन बोर्डको अध्यक्षको पदमा नियुक्ति गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने प्रयोजनको लागि विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा १४ को उपदफा (४) अनुसारको सिफारिस समितिले देहाय बमोजिमको कार्यविधि बनाई लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "विज्ञापन बोर्डको अध्यक्ष नियुक्ति सिफारिस सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि सिफारिस समितिले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,-

(क) "मन्त्रालय" भन्नाले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(ख) "बोर्ड" भन्नाले विज्ञापन बोर्ड सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ सम्झनु पर्छ ।

(घ) "नियमावली" भन्नाले विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ सम्झनु पर्छ ।

(ङ) "कार्यविधि" भन्नाले विज्ञापन बोर्डको अध्यक्ष नियुक्ति सिफारिससम्बन्धी कार्यविधि,२०८२ सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले ऐनको दफा १४ को उपदफा (४) बमोजिमको सिफारिस समिति सम्झनु पर्छ।

(छ) "अध्यक्ष" भन्नाले विज्ञापन बोर्डको अध्यक्ष सम्झनु पर्छ ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले समितिको बैठकबाट तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

३. **समितिको गठनः** (१) विज्ञापन बोर्डको अध्यक्ष नियुक्ति गर्ने प्रयोजनको लागि ऐनको दफा १४ को उपदफा (४) को व्यवस्था बमोजिम मन्त्रालयको मिति २०८१/१२/२६ को निर्णयानुसार देहायको समिति गठन भएको छ-

(क) सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय -संयोजक

(ख) श्री लक्ष्मण अर्याल, नेपाल सरकारका पूर्व सचिव -विज्ञ सदस्य

(ग) श्री कोशहरि निरौला, सह-सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - सदस्य-सचिव

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

४. <u>बैठक र निर्णय प्रक्रिया</u>: समितिको बैठक र निर्णय प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(क) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ।

(ख) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

(ग) समितिको बैठकमा संयोजक र कम्तीमा एकजना सदस्य उपस्थित भएको हुनुपर्नेछ ।

(घ) समितिको निर्णय सामान्यतया: सर्वसम्मतिमा हुनेछ। सर्वसम्मत हुन नसकेमा संयोजकसहित दुईजनाको बहुमतले गरेको निर्णय मान्य हुनेछ।

(ङ) समितिको निर्णय संयोजकको हस्ताक्षर पछि प्रमाणित भएको मानिनेछ।

(छ) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**५. सिफारिस गर्दा अवलम्वन गरिने प्रक्रिया:** (१) समितिले खुला प्रतिस्पर्धाका आधारमा देहाय बमोजिम छनौट प्रक्रिया अवलम्बन गरी नियुक्तिका लागि नेपाल सरकार समक्ष सिफारिस गर्नेछ ।

(क) सार्वजनिक सूचना मार्फत खुला रुपमा दरखास्त आह्वान गर्ने,

(ख) प्राप्त दरखास्तहरूको छानविन गरी स्वीकृत गर्ने र स्वीकृत दरखास्तको सूची प्रकाशित गर्ने,

(ग) सूचीमा परेका दरखास्तवालाको व्यावसायिक कार्ययोजनाको परीक्षण गर्ने/गराउने,

(घ) सूचीमा परेका दरखास्तवालालाई आफ्नो व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण गर्न लगाउने,

(ङ) सूचीमा परेका दरखास्तवालाको अन्तर्वार्ता लिने,

(च) व्यावसायिक कार्ययोजना, प्रस्तुतीकरण र अन्तरवार्ताको अङ्क प्रदान गर्ने र सबैभन्दा बढी अङ्क प्राप्त गर्ने तीनजना उम्मेदवारहरूलाई योग्यताक्रमका आधारमा अध्यक्ष नियुक्तिका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

(२) समितिले आवश्यक ठानेमा आफ्नो बैठकमा सम्बन्धित क्षेत्रका विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

**६. समितिको सचिवालयको रुपमा काम गर्ने:** समितिको सचिवालयको रूपमा मन्त्रालयको संस्थान समन्वय शाखाले काम गर्नेछ।

**७. दरखास्त आह्वान गर्ने:** (१) विज्ञापन बोर्डको अध्यक्ष पदमा नियुक्तिको लागि ऐनको दफा १७ बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

(२) अध्यक्ष नियुक्ति सिफारिसको लागि समितिले १५ (पन्ध्र) दिनको म्याद दिई उम्मेद्वारहरूबाट व्यावसायिक कार्ययोजना सहितको दरखास्त पेश गर्न सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

(३) उपदफा (२) बमोजिम सूचना प्रकाशित भएपछि योग्यता पुगेका इच्छुक उम्मेदवारले देहायको विवरण खुलाई आफैद्वारा प्रमाणित कागजात सहित समितिको सचिवालय समक्ष दरखास्त दिन सक्नेछन् ।

(क) अनुसूची-१ बमोजिमको विवरण खुलेको दरखास्त,

(ख) नेपाली नागरिकताको प्रमाणपत्र,

(ग) राष्ट्रिय परिचयपत्र नम्बर,

(घ) व्यक्तिगत विवरण,

(ङ) शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि (विदेशी शैक्षिक संस्थाको प्रमाण पत्र भए समकक्षताको प्रमाणपत्र),

(च) अनुभव खुल्ने प्रमाणपत्रको प्रतिलिपि (कानूनी मान्यता प्राप्त निकाय वा संघ संस्थामा कम्तिमा अधिकृत स्तरमा काम गरेको अवधि खुल्ने),

(छ) व्यावसायिक कार्ययोजना र कार्ययोजनाको प्रस्तुतीकरण छुट्टा छुट्टै खाममा सिलबन्दी गरी पेश गर्नु पर्नेछ। व्यवसायिक कार्ययोजना देहाय बमोजिमको हुनु पर्नेछ ।

अ) कम्तिमा ३००० (तीन हजार) र बढिमा ४००० (चार हजार) शब्दको हुनुपर्ने ।

आ) नेपाली वा अङ्ग्रेजी भाषामा टाइप गरिएको हुनुपर्ने ।

इ) कभर पृष्ठमा आवेदकको पूरा नाम लेखिएको हुनुपर्ने ।

ई) कार्ययोजनाको हरेक पृष्ठको पश्चभागमा आवेदकको हस्ताक्षर हुनुपर्ने, तर अन्य कुनै संकेत हुन नहुने ।

(ज) हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुईप्रति,

(झ) दरखास्त दिने पदसँग सम्बन्धित अन्य कुनै कागजात भए सोको प्रतिलिपि,

(ञ) अनूसूचि-२ बमोजिमको स्व-घोषणा ।

८. <u>उम्मेदवार छनौट विधिः</u> समितिले उपयुक्त उम्मेदवार छनौटको लागि देहाय बमोजिमका विधिहरु अवलम्बन गर्नेछ ।

(क) दरखास्त र सोसाथ संलग्न कागजातहरुको छानविन, सूचि तयारी तथा प्रकाशन ।

(ख) व्यवसायिक कार्ययोजनाको मूल्याङ्कन ।

(ग) प्रस्तुतीकरण र सोको मूल्याङ्कन ।

(घ) अन्तर्वार्ता ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरवार, काठमाडौं

९. उम्मेदवार मूल्याङ्कनका आधारहरु

(१) समितिले माथि दफा ८ को खण्ड (क) अनुरुपको सूचिमा परेका उम्मेदवारहरुलाई प्रस्तुतीकरण र अन्तरवार्ताको लागि मिति, समय र स्थानको जानकारीसहित सूचना गर्नेछ ।

(२) उम्मेदवारहरुको मूल्याङ्कन देहायको आधारमा गरिनेछ ।

| क्र. सं. | मूल्याङ्कनका आधारहरु | अङ्कभार |
|---|---|---|
| १ | **व्यावसायिक कार्ययोजना** | ४० |
| | (क) विज्ञापन, विज्ञापन व्यवसाय र नियमनको अवधारणा | ५ |
| | (ख) विज्ञापन व्यवसाय र नियमनको विद्यामान अवस्था, समस्या र चुनौतीको विश्लेषण | १० |
| | (ग) सुधारका लागि सुझावहरु | १५ |
| | (घ) सुझाव कार्यान्वयनको कार्ययोजना | १० |
| २ | **व्यवसायिक कार्ययोजनाको प्रस्तुतीकरण** | ३० |
| ३ | **अन्तरवार्ता** | ३० |
| कुल जम्मा अङ्क | | १०० |

(३) व्यवसायिक कार्ययोजनाको मूल्याङ्कन समितिबाट तोकिए बमोजिम हुनेछ ।

(४) दरखास्त पेश गर्ने उम्मेदवारहरुको सङ्ख्या दश जना भन्दा बढी भएमा सिफारिस समितिले दरखास्त पेश गर्ने उम्मेदवारहरु मध्येबाट व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन गरी बढी अङ्क प्राप्त गर्ने दश जनासम्मको नाम समावेश गरी अन्तर्वार्ता र प्रस्तुतीकरणका लागि वर्णानुक्रमानुसार संक्षिप्त सूची (Short List) प्रकाशन गर्न सक्नेछ ।

(५) व्यावसायिक कार्ययोजना प्रस्तुतीकरणका लागि ५० मिनेटको समय दिइनेछ । यसमध्ये ३० मिनेट प्रस्तुतीकरणको लागि र २० मिनेट छलफल र प्रश्नोत्तरको लागि हुनेछ।

(६) प्रस्तुतीकरण र अन्तरवार्ता वापतको अङ्क समितिका संयोजक तथा सदस्यहरुले छुट्टाछुट्टै दिई औसत हिसाब गरी प्राप्ताङ्क कायम गरिनेछ।

(७) व्यवसायिक कार्ययोजना मूल्याङ्कन, प्रस्तुतीकरण र अन्तरवार्ताको अङ्क प्रदान गर्दा अधिकतम ७० प्रतिशत भन्दा बढी र न्यूनतम ४० प्रतिशत भन्दा कम अङ्क प्रदान गर्नुपर्ने भएमा उपयुक्त कारण खुलाउनु पर्नेछ। दुई वा दुई भन्दा बढी सदस्यले न्यूनतम वा अधिकतम हदभन्दा बढी अङ्क प्रदान गरेमा मात्र सो अङ्क मान्य हुनेछ । यदि एक मात्र सदस्यले प्रदान गरेको अङ्क उल्लिखित सीमाभन्दा कम वा बढी भएमा निजले प्रदान गरेको अङ्कलाई अधिकतम सत्तरी प्रतिशत र न्यूनतम चालीस प्रतिशत मानी गणना गरिनेछ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

(८) कार्ययोजनाको मूल्याङ्कन, प्रस्तुतीकरण र अन्तर्वार्तामा प्राप्त अङ्क जोडी कुल प्राप्ताङ्कको आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने तीन जनाको नाम योग्यताक्रमको आधारमा ऐनको दफा १४ को उपदफा (४) बमोजिम नेपाल सरकार समक्ष सिफारिस गर्नेछ ।

१०. **विज्ञको सेवा लिन सक्नेः** समितिले आवश्यक ठानेमा दरखास्त छानविन र व्यावसायिक कार्ययोजनाको मूल्याङ्कनको लागि विज्ञको सेवा लिन सक्नेछ।

११. **दरखास्त अस्वीकार गर्ने वा पुनः आव्हान गर्न सक्नेः** समितिले प्राप्त दरखास्तहरु रीत नपुगी आएमा त्यस्तो दरखास्त अस्वीकार गर्न तथा पर्याप्त संख्यामा दरखास्त नपरेमा पुनः दरखास्त आव्हान गर्न सक्नेछ।

१२. **दरखास्त रद्द गरिनेः** उम्मेदवारले गलत तथा झुठ्ठा विवरण वा कागजात पेश गरेको देखिएमा कुनै पनि चरणमा उम्मेदवारको दरखास्त रद्द गरिनेछ।

१३. **कागजपत्रको संरक्षणः** सिफारिस सम्बन्धी कार्य सम्पन्न गरिसकेपछि तत्सम्वन्धी सम्पूर्ण कागजातहरु मन्त्रालयमा सुरक्षित राखिनेछ ।

१४. **खर्च सम्बन्धी व्यवस्थाः** समितिको बैठक लगायत अन्य सम्बन्धित खर्च मन्त्रालयले व्यवस्था गर्नेछ।

१५. **विविधः** यस कार्यविधिको कार्यान्वयनमा बाधा अड्काउ आइ परेमा समितिका संयोजकको निर्णय बमोजिम हुनेछ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-१

दरखास्तको ढाँचा

(दफा ७ को उपदफा (३) को खण्ड (क) सँग सम्बन्धित)

फोटो

श्रीमान संयोजकज्यू,
विज्ञापन बोर्डको अध्यक्ष नियुक्ति सम्बन्धी सिफारिस समिति,
सिंहदरबार, काठमाडौं ।

विषयः दरखास्त पेश गरेको ।

विज्ञापन बोर्डको अध्यक्ष नियुक्ति सम्बन्धी सिफारिस समितिको मिति ....................मा ........................मा प्रकाशित सार्वजनिक सूचना बमोजिम देहाय बमोजिमको व्यक्तिगत विवरण सहित तोकिए बमोजिमका कागजात समेत संलग्न गरी यो दरखास्त पेश गरेको छु ।

व्यक्तिगत विवरण

१. नाम थर
   नेपालीमाः...............................................................
   अङ्ग्रेजीमाः...............................................................
२. जन्म मितिः
   वि. संः.........................................................
   इ संः .........................................................
३. आमाको नाम थरः..................................
४. बाबुको नाम थरः...........................................
५. स्थायी ठेगाना

प्रदेशः......................... जिल्लाः............................... पालिकाः......................................... वडा नंः.........

६. सम्पर्क ठेगानाः

प्रदेशः......................... जिल्लाः............................... पालिकाः......................................... वडा नंः.........

७. सम्पर्क टेलिफोन नं.:..........................
८. इमेल ठेगानाः...............................

दरखास्त दिनेको हस्ताक्षर
..........................

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-२

## स्वघोषणा

### (दफा ७ को उपदफा (३) को खण्ड (झ) सँग सम्बन्धित)

म मुलुक र जनताको सर्वोत्तम हितलाई ध्यानमा राखी व्यक्तिगत स्वार्थभन्दा माथि उठेर पदीय जिम्मेवारी निर्वाह गर्नका लागि विज्ञापन बोर्डको **अध्यक्ष** पदमा नियुक्तिका लागि प्रचलित कानुनमा तोकिए बमोजिमका सम्पूर्ण योग्यता पूरा गरेको एवं कानुन बमोजिम अयोग्य नरहेको हुँदा देहाय बमोजिमका विवरणसहित यो स्वघोषणा पेश गरेको छु।

१. नाम, थर (नेपालीमा):
   Name (In English) :
२. सम्पर्क टेलिफोन नं.:
३. इमेल ठेगानाः
४. मैले कुनै पनि विदेशी मुलुकको नागरिकता वा स्थायी/अस्थायी आवासीय अनुमति पत्र वा सुविधा प्राप्त गरेको छैन।
५. म भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको छैन।
६. म हाल कुनै पनि राजनीतिक दलसँग आवद्ध छैन।
७. मैले भ्रष्टाचार, बाल यौन दुराचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाएको छैन।
८. मेरा विरुद्धमा कुनै अदालतबाट कुनै पनि किसिमको सजाय वा जरिवाना तोकिएको छैन र मैले तिर्न बुझाउन समेत बाँकी छैन।
९. नियुक्ति हुन लागेको संस्था वा निकायसँग पेसागत वा व्यावसायिक रूपले मेरो कुनै किसिमले स्वार्थ बाझिने अवस्था रहेको छैन।
१०. म नियुक्ति हुँदाको बखत आमसञ्चार संस्थाको पदाधिकारी, सञ्चालक वा सम्पादक रहने छैन।

**स्वघोषणा गर्ने व्यक्तिको**

दस्तखतः

ल्याप्चे

| दायाँ | बायाँ |
|---|---|
| | |

**स्वघोषणा गराउने अधिकृतको**

दस्तखतः

नाम, थरः

पदः

कार्यालयः

**मिति :**

* **मैले पेश गरेका सम्पूर्ण विवरण तथा कागजात सही र सत्य छन्। सही र सत्य नठरिएमा प्रचलित कानून बमोजिम सहनेछु बुझाउनेछु।**